# नयाँ करारको खोज

## परीक्षा उत्तर कुञ्जी

डा. र्‍याण्डल म्याकएल्वीनद्वारा
तयार पारिएको

shepherds
GLOBAL CLASSROOM

# विषयवस्तुहरू


१. नयाँ करारको संसार ४

२. मत्ती, मर्कूस र लूका ६

३. यूहन्ना ८

४. प्रेरित १०

५. रोमी १२

६. कोरिन्थी र गलाती १४

७. एफिसी, फिलिप्पी, कलस्सी र फिलेमोन १६

८. थेसलोनिकी १८

९. तिमोथी र तीतस १९

१०. हिब्रू र याकूब २१

११. पत्रुस, यूहन्ना र यहूदा २३

१२. प्रकाश २४

# पाठ १

## नयाँ करारको संसार

१. पश्चिमबाट पूर्वतिर अघि बढ्नु, प्यालेष्टाइनको तीन वटा भौगोलिक क्षेत्रहरू सूचीबद्ध गर्नुहोस् ।

- तटीय मैदान
- मध्य पहाडी भूमि
- यर्दन उपत्यका

२. येशुको सेवाकाइमा सामरियाको महत्त्व के छ?

यो यहूदिया र गालीलको बीचमा पर्छ । अधिकांश यहूदीहरू त्यहाँ जाँदैनथे । येशु त्यहाँ इनारमा पानी लिन आएकी स्त्रीलाई सुसमाचार सुनाउन जानुभयो ।

३. सुरुको मण्डलीमा ग्रीक भाषाले पुऱ्याएको तीन वटा योगदानहरूको सूची

- सुसमाचार बिस्तारको लागि एक साझा भाषा
- ईश्वरशास्त्रीय विचारहरू संचार गर्ने एउटा सटीक भाषा
- *सेप्टुअजिन्ट*, पुरानोको करारको ग्रीक अनुवाद

४. *प्याक्स रोमाना* लाई परिभाषित गर्नुहोस्

रोमी शान्ति जसले रोमी साम्राज्यभर अपेक्षाकृत सुरक्षित यात्राको बाटो खोलिदियो ।

५. यहूदी समुदायमा सभाधरले खेलेको चार वटा भूमिकाहरूको सूची

- धार्मिक आराधना
- केटाकेटीका लागि शिक्षा
- धार्मिक र सामाजिक मुद्दाहरूका लागि स्थानीय अदालत
- सामाजिक अन्तरक्रिया

६. फारिसीहरू र ख्रीष्टियानहरू बीच कस्ता शिक्षाहरू साझा थिए?

- पुनरूत्थान
- स्वर्गदूतहरू
- प्रार्थना
- मसिहाको आगमन
- पुरानो करार प्रतिको सम्मान

७. फारिसीहरू र सदुकीहरू बीच मुख्य धर्मसैद्धान्तिक भिन्नताहरू के-के थिए?

सदुकीहरूले अगमवाणीका किताबहरूलाई स्वीकार गरेनन् । तिनीहरूले स्वर्गदूतहरू, आत्माहरू र पुनरूत्थानबारे कट्टर यहूदी शिक्षाहरूलाई अस्वीकार गरे ।

८. नयाँ करारको धर्मशास्त्र-निर्धारक(क्यानोन) गठनका दुई वटा कारणहरूको सूची बनाउनुहोस् ।

- झुटो शिक्षा
- सतावट

९. नयाँ करारको धर्मशास्त्र-निर्धारक (क्यानोन) स्थापना गर्न प्रयोग गरिएका तीन वटा मानकहरूको सूची बनाउनुहोस् ।

- लेखक कि त प्रेरित नभए प्रेरितको सहयोगी हुनुपर्छ।
- सन्देश पुरानो करारसँग बाझ्नु हुँदैन । यो येशुको सन्देशसँग मिल्नु पर्छ । यसले आत्मिक सुधार गर्नुपर्छ ।
- पुस्तकलाई सम्पूर्ण मण्डलीले स्वीकार गर्नुपर्छ ।

१०. *लेखको अखण्डता* शब्दले नयाँ करारसँग सम्बन्धित कुन मुद्दालाई सम्बोधन गर्छ?

*के हामीसँग भएको लेख मौलिक पाण्डलिपिसँग मेल खान्छ?*

११. कण्ठ गरेको गलाती ४:४-५ लेख्नुहोस् ।

(कण्ठ गरेका पदहरू बाइबलसँग मिल्छ कि मिल्दैन हेर्नुहोस् । )

# पाठ २

## मत्ती, मर्कूस र लूका

**१.** किन पहिलो तीन सुसमाचारहरूलाई सिनप्टिक (एकै दृष्टिकोणका) सुसमाचार भनिन्छ?

तिनीहरूले उही घटनाहरूका तीन वटा दृष्टिकोणहरू प्रदान गर्छन् ।

**२.** यहूदी पाठकलाई मत्तीले सम्बोधन गरेका तीन वटा प्रमाणहरू दिनुहोस् ।

कुनै तीन वटा प्रमाणहरू:

- उनले यहूदी प्रथाहरूको व्याख्या गर्दैनन्
- बारम्बार पुरानो करारका उद्धरणहरूको प्रयोग
- येशुले पुरानो करारको अगमवाणी पूरा गर्नुभएको कुरामा जोड
- “परमेश्वरको राज्य” को साटो “स्वर्गको राज्य” वाक्यांशको प्रयोग

**३.** मत्तीको मुख्य तीन वटा विषयहरूलाई सूचीबद्ध गर्नुहोस् ।

- राजाको रूपमा येशु
- पुरानो करारको पूर्णताको रूपमा येशु
- येशुका उपदेशहरू

**४.** मर्कूसको तीन वटा मुख्य विषयहरूलाई सूचीबद्ध गर्नुहोस् ।

- सेवक येशु
- परमेश्वरको पुत्र येशु
- मसीही रहस्य

**५.** मर्कूसको मसीही रहस्यसँग सम्बन्धित तीन पाठहरूको सूची बनाउनुहोस् र व्याख्या गर्नुहोस् ।

- दुष्टात्माहरू: येशुले तिनीहरूसँग कुनै मतलब राख्नु भएन ।
- येशुले निको पार्नुभएकाहरू: येशु निको पार्न दवाब दिने भीडहरूबाट अलग हुन चाहनुभयो ।
- चेलाहरू: उहाँको मसिहाको भूमिकालाई यिनीहरूले अझै बुझेनन् ।

**६.** थियोफिलसको बारेमा हामीलाई के थाहा छ? लूकाको बारमा नि?

- थियोफिलस एक रोमी अधिकारी थिए; सम्भवत: एक नयाँ विश्वासी ।
- लूका पावलसँगै यात्रा गर्ने एक अन्यजाति वैद्य थिए ।

**७.** काल्सेडोनियन क्रिड (विश्वासको धारणा)ले येशुको स्वभावको बारेमा के सिकाउँछ?

उहाँ सत प्रतिशत परमेश्वर र सत प्रतिशत मानिस हुनुहुन्छ ।

८. लूकाका चार वटा मुख्य विषयहरूलाई सूचीबद्ध गर्नुहोस्।

- मानिसको पुत्रको रूपमा येशु
- संसारको मुक्तिदाताको रूपमा येशु
- प्रार्थनाको महत्त्व
- पवित्र आत्माको महत्त्व

९. लूकामा बताइएको निम्न सामाजिक हैसियत भएकाहरूमा येशुको सेवाकाइका तीन वटा उदाहरणहरूको सूची बनाउनुहोस्।

कुनै तीन वटा उदाहरणहरू:

- गोठालाहरू
- येशुको सेवाकाइमा स्त्रीहरू
- जक्कै
- सामरीहरू
- येशुसँगै टाँगिने चोर

१०. येशुको सांसारमा हुँदा पवित्र आत्माले गर्नुभएका कामको तीन वटा उदाहरणहरूलाई सूचीबद्ध गर्नुहोस्।

कुनै तीन वटा कामको उदाहरणहरू:

- बप्तिस्मा दिने यूहन्ना, एलीशिबा र जकरिया
- गर्भधारणमा येशु
- शिमियोन
- येशुको बप्तिस्मा
- येशुको परीक्षा
- गालीलमा येशुको सेवाकाइ

११. कण्ठ गरेको मत्ती ५:४८; मर्कूस १०:४५; लूका १९:१० लेख्नुहोस्।

(कण्ठ गरेका पदहरू बाइबलसँग मिल्छ कि मिल्दैन हेर्नुहोस्।)

# पाठ ३

## यूहन्ना

१. किन यूहन्नाको सुसमाचारको लेखक बारे पोलिकार्पको साक्षीको विशेष महत्त्व छ?

पोलिकार्प यूहन्नाको चेला थिए ।

२. यूहन्नाले आफ्नो सुसमाचार लेख्नुको उद्देश्य के थियो?

"तर यी लेखिएका छन्, कि तिमीहरूले येशु परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस् ।"

३. यूहन्नाको उद्देश्य उनको सुसमाचारमा रहेका सामग्रीमा कसरी देख्न सकिन्छ?

- येशु नै ख्रीष्ट हुनुहुन्छ भनेर देखाउने उनले सात वटा चिन्हहरू समावेश गरे ।
- उनले उहाँ परमेश्वर हुनुहुन्छ भन्ने येशुका गवाहीहरूलाई समावेश गरे ।

४. येशुको वंशावलीको बारेमा यूहन्नाको प्रस्तावनाले के देखाउँछ?

यो एउटा ईश्वरीय वंशावली हो जसले येशुलाई परमेश्वरको अनन्त वचनको रूपमा देखाउँछ ।

५. यूहन्नाको सुसमाचारका सात वटा आश्चर्यकर्महरूको सूची बनाउनुहोस् ।

- कानामा पानीलाई दाखमद्यमा परिणत गर्नुभएको
- कफर्नहुममा उच्च अधिकारीको छोरालाई निको पार्नुभएको
- बेथस्दामा पक्षघातीलाई निको पार्नुभएको
- ५,००० जनालाई खुवाउनुभएको
- पानीमाथि हिँड्नुभएको
- जन्मजात अन्धोलाई निको पार्नुभएको
- लाजरसलाई मृतकबाट जीवित पार्नुभएको

६. येशुले आफ्नो परमेश्वरत्वको बारेमा दिनुभएको गवाहीका तीन उदाहरणहरू दिनुहोस् ।

कुनै तीन वटा उदाहरणहरू:

- निकोदेमसलाई दिनुभएको येशुको गवाही
- सामरी स्त्रीलाई दिनुभएको येशुको गवाही
- बेथस्दामा पक्षघाती मानिसलाई निको पार्नुभएपछि दिनुभएको येशुको गवाही
- ५, ००० जनालाई खुवाइसकेपछि दिनुभएको येशुको गवाही
- छाप्रो-वासको चाडमा दिनुभएको येशुको गवाही
- "अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु" भन्ने येशुको गवाही

७. परमेश्वर हुँ भन्ने येशुका दाबीहरूप्रति यहूदी धर्म-गुरुहरूले कस्तो प्रतिक्रिया जनाए?

तिनीहरूले उहाँलाई मार्न खोजे।

८. येशुको उच्च पुजाहारीय प्रार्थनामा उहाँले कुन-कुन तीन वटा कुराहरूका लागि प्रार्थना गर्नुभयो?

- आफ्नै लागि: पिताद्वारा उहाँ महिमित हुनुभएको होस् भनेर
- आफ्ना चेलाहरूका लागि: तिनीहरूलाई सुरक्षित राख्नुभएको होस् र पवित्र पारिदिनुभएको होस् भनेर
- सबै विश्वासीहरूका लागि: तिनीहरूका एकता संसारको लागि गवाही होस् भनेर

९. कण्ठ गरेकोबाट यूहन्ना २०:३०-३१ लेख्नुहोस्।

(कण्ठ गरेका पदहरू बाइबलसँग मिल्छ कि मिल्दैन हेर्नुहोस्।)

# पाठ ४

## प्रेरित

१. पावलको सुसमाचार प्रचार गर्ने रणनीतिको लागि एफिसस किन महत्त्वपूर्ण थियो?

यो एसियाको रोमी प्रान्तको राजधानी सहर थियो ।

२. पावलको सुसमाचार प्रचार गर्ने रणनीतिको लागि रोम किन महत्त्वपूर्ण थियो?

यो रोमी साम्राज्यको केन्द्रीय सहर थियो ।

३. कुन रोमी सम्राटहरू प्रारम्भिक मण्डलीको सतावटसँग सम्बन्धित छन्?

- नेरो
- डोमिसियन

४. प्रेरितको पुस्तक ५० को दशकको अन्ततिर र ६० को दशकको सुरुतिर लेखिएको हुनसक्ने सम्भावना किन छ?

प्रेरितको पुस्तकको अन्तमा पावललाई घरमा नजरबन्दमा राखिन्छ । उनले त्यतिबेला सम्म पनि आसन्न मृत्यु दण्डको सामना गरेका छैनन् ।

५. प्रेरितहरूले प्रचार गरेको प्रमुख सन्देश, *केरिग्मा* का तीन वटा दृष्टिकोणहरूको सूची बनाउनुहोस् ।

- येशु ख्रीष्टको प्रभुत्व
- सुसमाचारको ऐतिहासिक सत्यता
- विश्वास गरेर अनुग्रहबाट पाइने मुक्ति

६. पहिलो ख्रीष्टियान सहिद को थिए?

स्तिफनस

७. प्रारम्भिक मण्डलीको सुसमाचारीय प्रचार कार्यमा सतावटको भूमिका कस्तो थियो?

यसले ख्रीष्टियानहरूलाई यरूशलेमभन्दा बाहिर धकेल्यो ।

८. पहिलो शताब्दीको प्राथमिक बहु-सांस्कृतिक र मिसनरी पठाउने मण्डली कुन थियो?

एन्टिओखिया

९. अन्यजाति विश्वासीहरूका अघि यरूशलेमको परिषदले राखेका चार वटा मागहरूको सूची बनाउनुहोस्।

- मूर्तिहरूलाई चढाएको खानबाट अलग्गै बस्ने
- घोक्रो अँठ्याएर मारेको पशुको मासुबाट अलग्गै बस्ने
- रगत भएको मासुबाट अलग्गै बस्ने
- अनैतिक यौन सम्बन्धबाट अलग्गै बस्ने

१०. पावल र बारनाबास बीचको फाटोबाट आएका सकारात्मक नजिताहरू के-के हुन्?

- मण्डलीमा सिलास एक महत्त्वपूर्ण सेवक भए।
- पावल र बारनाबासका प्रयासहरूलाई तिनीहरूको छुट्टाछुट्टै कामले दोब्बर बनायो।

११. कण्ठ गरेको प्रेरित १:७-८ लेख्नुहोस्।

(कण्ठ गरेका पदहरू बाइबलसँग मिल्छ कि मिल्दैन हेर्नुहोस्।)

# पाठ ५

## रोमी

**१.** रोमीको पुस्तकको तीन वटा उद्देश्यहरूको सूची बनाउनुहोस्।

- तात्कालिक उद्देश्य: यहूदी र अन्यजाति ख्रीष्टियानहरू बीचको सम्बन्धहरू
- व्यक्तिगत उत्प्रेरणा: स्पेनमा पावलको सुसमाचारीय अभियानमा सहायता पुर्याउने
- अन्तिम उद्देश्य: हामी परमेश्वरको सामु कसरी धर्मी ठहरिन्छौं भन्ने सिकाउने

**२.** रोमीको पुस्तक परिचयमा पाइने सुसमाचारका चार वटा सत्यताहरूको सूची बनाउनुहोस्।

- यो पुरानो करारमा अगमवाणी गरिएको थियो।
- यसले येशु साँचो मसीहा र परमेश्वरको पुत्र हुनुहुन्थ्यो भनेर सिकाउँछ।
- यो विश्वास गर्नेहरू सबैका लागि मुक्तिको शक्ति हो।
- यसले विश्वास गर्नेहरू सबैका लागि परमेश्वरको धार्मिकता प्रकट गर्छ।

**३.** रोमी १-३ मा दोषी ठहराइएकाहरूका तीन समूहहरूको सूची बनाउनुहोस्।

- खासरी गरी मूर्तिपूजक अन्यजातिहरू
- नैतिकतावादी
- यहूदीहरू

**४.** रोमी ६ मा, अनुग्रह प्रशस्त होस् भनेर हामी पापमै निरन्तर जिउन सक्छौं कि सक्दैनौं भनी सोध्ने व्यक्तिलाई पावलको प्रतिक्रिया कस्तो छ?

जब हामी ख्रीष्टमा बप्तिस्मा लिन्छौं, हामी पापको लागि मर्यौं। त्यस उप्रान्त हामी पापमा जिउन सक्दैनौं।

**५.** रोमी ७:७-२५ का तीन वटा व्याख्याहरू के-के हुन्?

- पावलले सामान्य ख्रीष्टियान जीवनबारे उल्लेख गर्दै छन्।
- पावलले एक पवित्रिकरण नगरिएको विश्वासीको बारेमा उल्लेख गर्दै छन्।
- पावलले जागरुक पापीको बारेमा उल्लेख गर्दै छन्।

**६.** पावलले तीन वटा सत्यताहरूका साथ इस्राएलको अविश्वासको समस्याको उत्तर दिन्छन्। ती सत्यताहरूको सूची बनाउनुहोस्।

- परमेश्वरका प्रतिज्ञाहरू *मात्र* विश्वासीहरू लागि हुन्।
- इस्राएललाई तिनको अविश्वासको लागि तिरस्कार गरिएको छ।
- इस्राएलको तिरस्कार अन्तिम नभई, प्रतिकारात्मक हो।

**७.** रोमी १२-१५ बाट, परमेश्वरको धार्मिकताको जीवन जिउने तीन वटा तरिकाहरूको सूची बनाउनुहोस्।

कुनै तीन तरिकाहरू:

- हामीले आफ्ना आत्मिक वरदानहरू अरूहरूका सेवा गर्न प्रयोग गर्नेछौं।
- हामीले साँचो ख्रीष्टियान हुनुको चिन्ह देखाउने तरिकामा अरूहरूसँग व्यवहार गर्नेछौं।
- हामी शासकीय अधिकारीहरूको अधीनत्वमा बस्नेछौं।
- हामी प्रेमद्वारा व्यवस्था पालन गर्नेछौं।
- हामी आफ्नो भाइको न्याय नगरेर स्वतन्त्राको सिद्धान्तको अभ्यास गर्नेछौं।
- हामी कमजोर भाइलाई ठेस लाग्ने गरी स्वतन्त्रताको प्रयोग नगरेर प्रेमको सिद्धान्तको अभ्यास गर्नेछौं।
- हामी ख्रीष्टको उदाहरण पछ्याउनेछौं।

**८.** कण्ठ गरेको रोमी १:१६-१७ लेख्नुहोस्।

(कण्ठ गरेका पदहरू बाइबलसँग मिल्छ कि मिल्दैन हेर्नुहोस् ।)

# पाठ ६

## कोरिन्थी र गलाती

१. पावलको सुसमाचार प्रचार गर्ने रणनीतिको लागि कोरिन्थ किन महत्त्वपूर्ण सहर थियो?

यसको स्थानले साम्राज्यभरिका नाविकहरूलाई आकर्षित गऱ्यो ।

२. कोरिन्थमा मण्डली स्थापना गर्न पावलसँगै अरू को-कसले मिहिनेत गरे?

अकिलास र प्रिस्किला

३. कोरिन्थका के-कस्ता समस्याहरूले १ कोरिन्थी लेख्नलाई उत्प्रेरित गऱ्यो?

- मण्डलीमा रहेको गुटबन्दी
- सर्वविदित पाप सहन गरिएको थियो
- पावलको अधिकारमाथि चुनौती दिइएको थियो

४. हरेक प्रश्नका उत्तरहरू जुन पावलले १ कोरिन्थीमा दिन्छन् त्यसलाई कुन वाक्यांशले परिचित गराउँछ?

"अब यस विषयमा..."

५. २ कोरिन्थीमा पावलले सम्बोधन गरेका तीन वटा मुख्य विषयहरूको सूची बनाउनुहोस् ।

- पावलको प्रेरितीय अधिकारको बचाउ
- पावलको निष्ठाको बचाउ
- पावलको तेस्रो भ्रमणका योजनाहरू

६. गलातीलाई लेखिएको पावलको पत्रको उद्देश्य के हो?

तिनीहरूलाई यहूदीकरण गर्नेका झुटो सुसमाचारबाट प्रेमको व्यवस्थामा फर्कन अनुरोध गर्ने ।

७. यहूदीकरण गर्नेहरूका झुटो शिक्षा के थियो?

"विश्वासका साथै व्यवस्था पालन गरे मात्र हाम्रो उद्धार हुन्छ"

८. गलातीमा कस्तो छनौट दिइएको छ?

ख्रीष्टमा भएको स्वतन्त्रता वा शरीरको बन्धनलाई रोज्ने

९. *व्यवस्थावादी* लाई परिभाषित गर्नुहोस् ।

उद्धार पाउनको लागि परमेश्वरको व्यवस्था पालन गर्ने व्यक्ति

**१०.**व्यवस्थावादीको विपक्षमा आफ्नो तर्क राख्दा पावलले चार वटा कुराहरूलाई औंल्याए। तिनीहरू के-के हुन्?

- पावलको अनुभव
- गलातीको अनुभव
- अब्राहामको अनुभव
- व्यवस्था स्वयं

**११.**कण्ठ गरेको १ कोरिन्थी १:२०-२१ र गलाती ५:२२-२३ लेख्नुहोस्।

(कण्ठ गरेका पदहरू बाइबलसँग मिल्छ कि मिल्दैन हेर्नुहोस्।)

# पाठ ७

## एफिसी, फिलिप्पी, कलस्सी र फिलेमोन

१. कैदबाट लेखिएका पत्रहरू कहिले र कहाँबाट लेखिए?

रोमबाट ६० दशकको सुरुतिर

२. किन एफिसीको पुस्तकमा कुनै पनि व्यक्तिगत अभिवादन पाइँदैन?

किनभने यो एउटा परिपत्रको रूपमा विभिन्न मण्डलीहरूमा पढिनुपर्थ्यो

३. एफिसीको दुई वटा ठुला खण्डहरूको सूची बनाउनुहोस्।

- धर्मसिद्धान्त: मण्डलीको लागि परमेश्वरले के गर्नुभएको छ
- व्यावहारिक प्रयोग: मण्डलीमा परमेश्वरले के गर्दै हुनुहुन्छ

४. एफिसी १ बाट, हाम्रो उद्धारमा त्रिएकत्वका प्रत्येक सदस्यले खेल्नुभएको भूमिकाको सूची बनाउनुहोस्।

- पिता परमेश्वर: चुनाउ
- पुत्र: छुटकारा
- पवित्र आत्मा: जोगेर्ना

५. एफिस ३ अनुसार, सुसमाचारको रहस्य के हो?

यहूदी र अन्यजातिहरू मिलेर बनेको एउटै शरीरको रूपमा रहेको मण्डलीको निर्माण

६. फिलिप्पीको मण्डलीले सामना गर्दैगरेको दुई वटा खतराहरूको सूची बनाउनुहोस्।

- यहूदीकरण गर्नेहरूबाटको बाह्य आक्रमणहरू
- आन्तरिक मनमुटाव (गुटवन्दी)

७. फिलिप्पी २ मा, ख्रीष्टले "आफैँलाई विनम्र बनाउनुभयो" भन्नुको अर्थ के हो?

उहाँ मानिस बन्नुभयो। उहाँले आफ्नो परमेश्वरत्व त्याग्नुभएन।

८. कलस्सीको झुटो शिक्षाले पारेका तीन वटा प्रभावहरू के-के हुन्?

- कट्टर यहूदी शिक्षा
- यहूदी रहस्यवाद
- मूर्तिपूजक संस्कारहरू

९. *समन्वयवाद* लाई परिभाषित गर्नुहोस् ।

एक भन्दा बढी धर्मको सम्मिश्रण

१०. कैदबाट लेखिएका पत्रहरूले आजको मण्डलीसित बोल्ने तीन वटा तरिकाहरूको सूची बनाउनुहोस् ।

- धर्मसिद्धान्त दैनिक जीवनमा लागू हुनुपर्छ ।
- आत्मिक युद्ध वास्तविक हो, तर ख्रीष्टले पहिले नै अन्तिम युद्ध जितिसक्नु भएको छ ।
- वास्तविक संसारमा मेलमिलापको सुसमाचार अनुसारको जीवन जिउनुपर्छ ।

११. कण्ठ गरेको एफिसी ४:११-१६ र कलस्सी ३:१-४ लेख्नुहोस् ।

(कण्ठ गरेका पदहरू बाइबलसँग मिल्छ कि मिल्दैन हेर्नुहोस् । )

# पाठ ८

## थेसलोनिकी

१. थेसलोनिकामा मण्डली स्थापना गर्दाखेरिको परिस्थितिहरूबारे वर्णन गर्नुहोस् ।

यहूदीहरूको तीव्र विरोध

२. विरोधको सामना गर्दा थेसलोनिकीको मण्डलीलाई पावलले जुन तरिकाहरूले प्रोत्साहन दिए ती तीन वटा तरिकाहरूको सूची बनाउनुहोस् ।

- पावलका प्रार्थनाका आश्वासन
- पावलको आफ्नै कष्ट भोगाइको सम्झना
- तिनीहरूका विश्वासनीयताको लागि धन्यवाद ज्ञापन

३. ख्रीष्टको पुनरागमनको समय र कालको बारेमा पावलले थेसलोनिकीलाई के भन्छन्?

तिनीहरूलाई यस बारेमा लेख्न उनलाई आवश्यक छैन ।

४. पवित्रीकरण बारेमा ती ख्रीष्टियानहरूलाई पावलले विशेष प्रोत्साहन दिन्छन् । उनले तिनीहरूलाई के भन्छन्?

परमेश्वर जसले तिनीहरूलाई पवित्रतामा बोलाउनुहुन्छ उहाँले नै तिनीहरूलाई पवित्र बनाउनुहुनेछ ।

५. यदि १ कोरिन्थीको मुख्य सन्देश "ख्रीष्टको पुनरागमन" हो भने, २ थेसलोनिकीको मुख्य सन्देश के हो?

ख्रीष्ट अँझैसम्म फर्केर आइसक्नुभएको छैन ।

६. यदि हामीले पावलको उदाहरण पछ्याउँछौं भने, दोस्रो आगमनबारे सिकाउँदा हाम्रो मुख्य जोड के हुन्छ?

दोस्रो आगमनको तयारीमा आज हामी कसरी जिउनुपर्छ

७. कण्ठ गरेको १ थेसलोनिकी ४:२३-२४ लेख्नुहोस् ।

(कण्ठ गरेका पदहरू बाइबलसँग मिल्छ कि मिल्दैन हेर्नुहोस् । )

# पाठ ९

## तिमथी र तीतस

१. पास्टरसँग सम्बन्धित पत्रहरूका सम्भावित मिति कुन हो?

तिनीहरू इ.सं. ६४ र ६७ की बीचमा लेखिएको थियो ।

२. २ तिमोथी र तीतसको कुन सामग्रीले तिनीहरूको लेखक पावल हुन् भनेर देखाउँछ त्यसलाई पत्ता लगाउनुहोस् ।

दिइएका मध्ये कुनै एक:

- सहकर्मीहरू भनेर जनाउने व्यक्तिगत सन्दर्भहरू
- पछिका योजनाहरू
- पावलको आसन्न मृत्युलाई जनाउने सन्दर्भहरू

३. १ तिमोथी लेख्नुमा पावलको उद्देश्य के थियो?

तिमोथीलाई निर्देशनहरू र प्रोत्साहन दिन

४. झुटा शिक्षकहरूको सामना गर्दा पावलको गवाहीले तिमोथीलाई कसरी प्रोत्साहन दिन्छ?

कुनै समय पावल सुसमाचारको विरोधी थिए र कृपा पाएका थिए । यसले जीवन परिवर्तन गर्न सक्ने ख्रीष्टको शक्तिलाई देखाउँछ ।

५. प्रारम्भिक मण्डलीका दुई वटा कार्यक्षेत्रहरू (अफिसहरू) को सूची बनाउनुहोस् र परिभाषित गर्नुहोस् ।

- विशपहरूले सिकाए र प्रचार गरे । तिनीहरूले विश्वासीहरूका खास गरी आत्मिक आवश्यकताको वास्ता गरे ।
- डिकनहरूको जिम्मेवारी भौतिक सेवाको क्षेत्रहरूमा थियो ।

६. पावलसित तीतसको सम्बन्ध के थियो?

तीतस एक अन्यजाति थिए जो सम्भवत: पावलको सेवाकाइद्वारा धर्मान्तरण गर्ने नयाँ विश्वास थिए र उनका सहयोगीहरूमध्ये एक भए ।

७. तीतसलाई पत्र लेख्नमा पावलको उद्देश्य के थियो?

स्थानीय मण्डली निर्माण गर्नमा तीतसलाई मार्गदर्शन दिन ।

८. तीतसमा पावलले बताएका असल कामहरू गर्ने दुई वटा प्रेरणाहरू के-के हुन्?

- परमेश्वरको वचन निन्दारहित बनाउन
- परमेश्वरको धर्मसिद्धान्तलाई सुशोभित गर्न

९. यूहन्ना मर्कूसको अनुभव २ तिमोथीमा पावलको विश्वास योग्य हुनुको सन्देशसित कसरी मेल खान्छ?

कुनै समय यूहन्ना मर्कूसले पावलको मिसनरी टोली छोडेका थिए र घर फर्किएका थिए। यद्यपि, त्यसको १५ वर्षपछि उनले आफ्नो प्रतिवद्धता र इमान्दारिता प्रमाणित गरेका छन्।

१०. पास्टरसँग सम्बन्धित पत्रहरूले आजको मण्डलीसित बोल्ने चार वटा तरिकाहरूको सूची बनाउनुहोस्।

- ठीक धर्मसिद्धान्तको महत्त्व
- मण्डलीका अगुवाहरूको योग्यता
- सुसमाचारको प्रर्दशनको रूपमा असल कामहरूको महत्त्व
- आजीवन विश्वासनियताको आह्वान

११. कण्ठ गरेको २ तिमोथी ४:७-८ र तीतस २:११-१४ लेख्नुहोस्।

(कण्ठ गरेका पदहरू बाइबलसँग मिल्छ कि मिल्दैन हेर्नुहोस्।)

# पाठ १०

## हिब्रू र याकूब

१. हिब्रूदेखि यहूदासम्मका पत्रहरूलाई किन "सामान्य पत्रहरू" भनिन्छ?

तिनीहरूमा कुनै खास पाठकलाई सम्बोधन गरिएको छैन वा त्यस्तो व्यक्तिलाई सम्बोधन गरिएको छ जसको बारेमा हामीलाई केही कुरा मात्र थाहा छ।

२. हिब्रूको लेखक पावल हुन् भन्ने पक्ष लिँदै दुई वटा तर्कहरूको सूची बनाउनुहोस्।

कुनै दुई वटा तर्कहरू:

- यसले ख्रीष्टको व्यक्तित्व र काममा जोड दिन्छ
- लेखकको तिमोथीसँगको सम्बन्ध
- अन्तिम अध्यायको अन्तिम प्रार्थना

३. हिब्रूको लेखक पावल होइनन् भनेर दुई वटा तर्कहरूको सूची बनाउनुहोस्।

- यसले कहिल्यै ख्रीष्ट येशु भन्ने शब्द प्रयोग गर्दैन।
- यसमा पावलका अरू पत्रहरूमा जस्तै अभिवादन पाइँदैन।

४. हिब्रूको पुस्तकले पुरानो करारप्रति देखाउने ठुलो आदरभावका दुई वटा तरिकाहरूको सूची बनाउनुहोस्।

- हिब्रू ११ अध्यायका हिरोहरू पुरानो करारका हुन्।
- हिब्रूको पुस्तकमा सिकाइएका पाठहरू पुरानो करारका लेखहरूमा आधारित छन्।

५. कसरी नयाँ करार पुरानो करारभन्दा राम्रो छ?

नयाँ करार पुरानो करारमा गरिएको प्रतिज्ञाको परिपूर्णता हो।

६. विश्वासबाट पतन हुनु (ब्याकस्लाइडिङ) र विश्वास त्याग्नु (एपोस्टेसी) बीच के भिन्नता छ?

ब्याकस्लाइडिङ पाप वा विश्वासको कमीको नतिजा हुन सक्छ; एपोस्टेसीले ख्रीष्टियान विश्वासको सत्यतालाई इन्कार गर्छ।

७. कतिखेर येशुको भाइ याकूले येशु मसीहा हुनुहुन्छ भनेर विश्वास गरे?

येशुको पुनरूत्थानपछि

८. अभिवादनको आधारमा, याकूबको पाठक को हुने सम्भावना छ?

यरूशलेम र यहूदिया बाहिर बसोबास गर्ने यहूदी ख्रीष्टियानहरू

९. एक अनुच्छेदमा, याकूब २:२४ (विश्वासद्वार मात्र होइन, कामद्वारा मानिस धर्मी ठहरिन्छ ) र रोमी ३:२८ (व्यवस्थाका कर्महरूको पालनविना विश्वासद्वारा नै मानिस धर्मी ठहरिन्छ) बीचको सम्बन्धलाई देखाउनुहोस् ।

विश्वास अरू केही नभएर सत्यता प्रतिको मानसिक सहमति हो भन्ने दृष्टिकोण राख्ने मानिसहरूलाई याकूबको पुस्तकले सम्बोधन गर्छ । व्यवस्था पालनाद्वारा मुक्ति कमाउन प्रयास गर्ने मानिसहरूलाई रोमीको पुस्तकले सम्बोधन गर्छ । याकूबको पुस्तकलले साँचो उद्धार गर्ने विश्वासको नतिजा परिवर्तित जीवन हुनेछ भन्ने देखाउँछ।

१०. *व्यवस्थाविरोधीवाद* लाई परिभाषित गर्नुहोस्

ख्रीष्टियानहरूले आचार सम्बन्धी वा नैतिक व्यवस्था मान्न बाध्य छैनन् भन्ने झुटो शिक्षा

११. कण्ठ गरेको हिब्रू ४:१४-१६ र याकूब २:१७-१८ लेख्नुहोस् ।

(कण्ठ गरेका पदहरू बाइबलसँग मिल्छ कि मिल्दैन हेर्नुहोस् । )

# पाठ ११

## पत्रुस, यूहन्ना र यहूदा

**१.** पत्रुसको अभिवादनमा भनिएको "बेबिलोन" को सम्भावित अर्थ के हो?

यसले रोमलाई परमेश्वरका मानिसहरूको शत्रुको रूपमा जनाउँछ।

**२.** १ पत्रुसमा मण्डलीले सामना गरेको प्रमुख खतरा के हो?

सतावट

**३.** २ पत्रुसमा मण्डलीले सामना गरेको प्रमुख खतरा के हो?

झुटो शिक्षा

**४.** २ यूहन्नाको वाक्यांश "चुनिएकी महिला र तिनका छोरा-छोरी" को दुई सम्भावित व्याख्या के हुन्?

- आफ्नो घरमा मण्डलीलाई भेला हुन दिने एक महिला
- एउटा स्थानीय मण्डली र त्यसका विश्वासी सदस्यहरू

**५.** पापको बारेमा १ यूहन्नाको शिक्षाका महत्त्वपूर्ण दुई सत्यताहरू कुन-कुन हुन्?

- विजयी जीवनको लागि आवश्यक शक्ति परमेश्वरले दिनुहुन्छ
- विश्वासबाट पतन हुने र पश्चात्ताप गर्नेहरूलाई परमेश्वरले क्षमाशील अनुग्रह गर्नुहुन्छ।

**६.** १ यूहन्नाअनुसार, कुनै पनि परमेश्वरको छोराछोरीमा देखिने तीन वटा चारित्रिक गुणहरू के-के हुन्?

- सत्य प्रतिको आज्ञा पालना
- जानीजानीको पाप हुँदैन
- अरू ख्रीष्टियान प्रतिको प्रेम

**७.** ३ यूहन्ना लेखनको प्रमुख उद्देश्य के हो?

ख्रीष्टियान अतिथि-सत्कारको बारेमा सिकाउने।

**८.** यहूदा र येशु बीचको सम्बन्ध के थियो?

सौतेनी दाजुभाइ

**९.** कण्ठ गरेको १ पत्रुस १:६-७, १ यूहन्ना १:६-७ र यहूदा १:२४-२५ लेख्नुहोस्।

(कण्ठ गरेका पदहरू बाइबलसँग मिल्छ कि मिल्दैन हेर्नुहोस्।)

# पाठ १२

## प्रकाश

१. पहिलो शताब्दीमा "कैसर *डोमिनियस ऐट डियस नस्टर*" भन्ने वाक्यांशको अर्थ के थियो?

कैसर हाम्रो प्रभु र ईश्वर हुन्।

२. पत्मोस टापू कहाँ छ?

एजियन समुद्रमा पर्ने एउटा सानो टापू

३. प्रकाशको पुस्तकको सम्भावित मिति कुन हो?

डोमिसियनको शासनकालको अन्त्यतिर (इ.सं. ८१-९६)

४. यूहन्नाले येशु नै प्रभु हुनुहुन्छ भनेर प्रस्तुत गरेको सन्देशको तीन तरिकाहरूको सूची बनाउनुहोस्।

- सात मण्डलीहरूलाई दिइएका सन्देशहरू
- आफ्नो सिंहासनमा विराजमान परमेश्वर र विजयी थुमाको रूपमा येशुको दर्शन
- स्वर्गको दृष्टिकोणबाट इतिहास प्रतिको दृष्टिकोण

५. भविष्यसूचक (एपोकालिप्टिक) साहित्यका दुई वटा विशेषताहरूको सूची बनाउनुहोस्।

- चिन्हहरूको प्रयोग
- दर्शनहरूको प्रयोग

६. प्रकाशको पुस्तकका चार वटा दृष्टिकोणहरू प्रत्येकलाई छोटकरीमा परिभाषित गर्नुहोस्।

- पत्रुसवादीको दृष्टिकोण: प्रकाशको पुस्तक रोमी साम्राज्यको समयको हो।
- ऐतिहासिक दृष्टिकोण: प्रकाशको पुस्तक मण्डली इतिहासको प्रतीकात्मक दृष्टिकोण हो।
- आदर्शवादी दृष्टिकोण: प्रकाशको पुस्तक विशुद्ध रूपमा असल र खराब बीचको लडाइको हो।
- भविष्यवादी दृष्टिकोण: प्रकाश ४-२२ अध्यायहरू भविष्यका कुरा हुन्।

७. भविष्यवादीमा पाइने भविष्यको चार वटा दृष्टिकोणहरूको सूची बनाउनुहोस्।

- क्लासिकल पूर्वसहस्राब्दी (हजार बर्षे शासन)
- कालखण्डवादी पूर्वसहस्राब्दी
- उत्तरसहस्राब्दी
- असहस्राब्दी

८. प्रकाशको पुस्तकको तीन वटा प्रमुख विषयहरूको सूची बनाउनुहोस् ।

- येशु प्रभु हुनुहुन्छ
- सबै कुरा परमेश्वरको नियन्त्रणमा छ
- परमेश्वरको मानिसहरूको लागि विजय

९. कण्ठ गरेको बाट प्रकाश ३:२०-२१ लेख्नुहोस् ।

(कण्ठ गरेका पदहरू बाइबलसँग मिल्छ कि मिल्दैन हेर्नुहोस् । )